नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #६४

८ भदौ २०७७

| २०७७ बैशाख १ देखि भदौ ७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२९ | ५५ | १८८ | १५ | २३ | ७ | ५२ | ० | १६८ | **२९६** | **७८** | **३६३** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ ७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२७ | ५५ | १८७ | १२ | २२ | ५ | २२ | ० | ४९ | **२६१** | **७७** | **२४१** |
| **२०७७ भदौ ७ देखि ८ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | १ | १ | ० | १ | १ | ० | ० | ० | ० | २ | २ |

# दैनिक विपद् बुलेटिन

७ भदौ विहान १०:०० बजेदेखि ८ भदौ विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज २ स्थानमा **आगलागी,** १ स्थानमा **सुख्खा पहिरो,** १ स्थानमा **चट्याङ्ग**का घटना घटेका छन् । यी घटनामा परेर २ जनाको **मृत्यु,** ४ जना **घाईते** भएका छन् । **आगलागी**का कारण ६ **लाख ५० हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | ४ | ४ | ६,५०,००० | ० | ४ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ४ वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक** थप अपडेट मिति २०७७।४।३० गते जुगल गाउँपालिका वडा नं २ लिदीमा गएको पहिरोमा परि बेपत्ता भएकाहरु मध्ये बर्ष ७२ का **एक पुरुषको शव भेटिएको** ।**(हालसम्म ३३ जनाको मृत्यु, ९ जना बेपत्ता, ५ जना घाईते)** (बेपत्ता थपघट हुन सक्ने )
- **अछाम**को थप विवरण मिति २०७७/५/२ गते रामरोशन गाउँपालिका वडा नं ५ मा बाढीका कारण बेपत्ता भएको व्यक्ति मध्ये वर्ष १८ का **एक पुरुषको शव फेला परेको** । **(हालसम्म ७ जना मृत्यु, १० जना बेपत्ता, ३ जना घाईते)** । कमलबजार नगरपालिका वडा नं १ मुलिस्थित एक घरमा **चट्याङ्ग** पर्न जाँदा **२ जना घाईते,** 2 वटा भैसी मरेको र सोही ठाउँको अर्को एक गोठमा **चटयाङ** पर्दा १८ बर्षकी **एक महिला घाईते,** २ वटा बाखा मरेको ।
- **लमजुङ्ग**को सुन्दरबजार नगरपालिका वडा नं १० धुसेनिस्थित खोल्सामा नुहान जाने क्रममा मथिबाट सुख्खा पहिरो जादाँ पहिरोको ढुङ्गा टाउकोमा लागि **एक ५ वर्षीय बालक घाईते** ।

## घट्ना सारांश...

- **संखुवासभा**को सिलीचोङ गाउँपालिका वडा नं १ सचेतस्थित एक घरमा बिधुत सर्ट भई **आगलागी** हुँदा घर, घर भित्र रहेको लत्ताकपडा, भाडावर्तन, अन्नपात तथा नगद सहित ४ **लाख रुपैंया** बराबरको क्षति ।
- **सिरहा**को सुखिपुर नगरपालिका वडा नं ५ लरकनास्थित एक घरको भान्सा कोठाबाट राति चुलोबाट आगो सल्की **आगलागी** हुँदा घर भित्र रहेको सम्पूर्ण सामान जलि २ **लाख ५० हजार रुपैंया** बरारबको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग र पहिरोका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, सिन्धुपाल्चोकको लिदी पहिरो र बाजुराको रामारोशन बाढीमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**भदौ-०८ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने । आज कमला, बागमती र यसका स-साना सहायक नदीमा बहाब सामान्य बढ्ने तर सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज राती ईलाम, पाँचथर, संखुवासभा, भोजपुर, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, काठमाडौं उपत्यका, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्वत, बागलुङ, सुर्खेत, दैलेख, सल्यान, कालिकोट, अछाम र आसपास जिल्ला भइ बहने स-साना नदीमा बहाब केहि बढ्ने र केहि सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- **आज प्रदेश १, बागमती,गण्डकी,कर्णाली र सुदूरपश्चिम प्रदेशको केहि पहाडी जिल्लामा क्षणिक मध्यम बर्षा भई स-साना नदीमा बहाब केहि बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।**

**नोट :पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

भदौ ०७ गते बिहान ०८:४५ बजे देखि भदौ ०८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/०८ गते बिहान ०८:४५ बजे १८७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४८ र स्वचालितः १३९) मा मापन गरिएको वर्षाको विवरण अनुसार १४६ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (९६.२ मि. मी.) महोत्तरी जिल्लाको जलेश्वर केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ८ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २२ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५१ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।**